नेपाल सरकार
# राष्ट्रिय सुरक्षा परिषद्को
सचिवालय

फोन नं. : ४-२००१५७, ४-२००१५८
फ्याक्स नं. : ४-२००१४८
इमेल : office@nscsec.gov.np
सिंहदरबार, काठमाडौं, नेपाल ।

राष्ट्रिय सुरक्षा परिषद् सचिवालय सिंहदरबार

मिति २०८२/०८/२८ गते।
नेपाल संवत् ११४६

## प्रेस विज्ञप्ति

आज मिति २०८२ मंसिर २८ गते राष्ट्रपतिको कार्यालय, महाराजगञ्जमा आयोजित एक कार्यक्रमबीच सम्माननीय राष्ट्रपतिज्यू समक्ष नेपालको संविधानको भाग २८, धारा २६६ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय सुरक्षा परिषद्बाट भएका निर्णय, सम्पादित प्रमुख कार्यहरूको विवरण एवम् अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय सुरक्षा विश्लेषण समावेश गरी तयार गरिएको आठौं वार्षिक प्रतिवेदन राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्की ज्यूले पेश गर्नुभयो।

प्रतिवेदन पेश गर्ने क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट बदलिँदो अन्तर्राष्ट्रिय तथा क्षेत्रीय शक्ति सन्तुलन, आर्थिक सुरक्षा, विश्व वातावरणीय दवाब, सूचना प्रविधिमा भइरहेको द्रुत विकास लगायतका कारणहरूबाट राष्ट्रिय सुरक्षाका बहुआयामिक पक्ष र त्यसबाट सिर्जित चुनौतीहरू दिनानुदिन बढ्दै गइरहेको उजागर गर्नु भयो।

यसैगरी, दक्षिण एसियाको भू-राजनीतिक अवस्थितिले संवेदनशिल स्थानमा रहेको नेपालको दीर्घकालीन सुरक्षा, स्थायित्व र समृद्धिका लागि सन्तुलित कूटनीति अवलम्बन गर्नुपर्ने र परम्परागत तथा नविनतम सुरक्षा चुनौतीहरूका कारण मुलुकको आन्तरिक तथा बाह्य सुरक्षाका लागि थप सजगता अपनाउनु पर्ने धारणा समेत व्यक्त गर्नु भयो।

प्रतिवेदन ग्रहण गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले मुलुकको समग्र सुरक्षाका चुनौती तथा सम्बोधन गर्नुपर्ने महत्त्वपूर्ण विषयलाई समेटी तयार भएको प्रतिवेदन एक महत्त्वपूर्ण दस्तावेज रहेको कुरा उल्लेख गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष लगायत प्रतिवेदन तयार गर्ने कार्यमा योगदान दिने सबैमा धन्यवाद ज्ञापन गर्नुका साथै उक्त प्रतिवेदनमा उल्लेखित विषयहरू सम्बन्धित सबैले पूर्ण प्रतिबद्धताका साथ कार्यान्वयन गर्नु हुनेमा विश्वस्त रहेको बताउनु भयो।

(केदारनाथ शर्मा)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्